
सहयोगी पुस्तिका

# बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यको लागि स्थानीय प्रणाली सुदृढीकरण गर्न सहयोगी पुस्तिका

यो सहयोगी पुस्तिका स्थानीय तहका सरकारी कर्मचारीहरु, विशेषतः महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुख, बाल कल्याण अधिकारी र वडा सचिवहरूका लागि नेपाल सरकारको योजना तर्जुमा प्रणालीमा रहेर बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यका लागि सामाजिक व्यवहार परिवर्तनका योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्यांकनमा सहयोग गर्ने उद्देश्यले तयार गरिएको हो ।




नेपालमा पुरूष र महिलाहरूको विवाहको कानूनी उमेर २० वर्ष भएता पनि बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह सामान्य अभ्यासको रूपमा विद्यमान छ । राष्ट्रिय जनगणना २०७८ अनुसार मधेश प्रदेशमा बालविवाह (१८ वर्ष मुनि) ३७ प्रतिशत रहेको छ, जसमा १९ प्रतिशत पुरूष र ५२ प्रतिशत महिला रहेको छ । रौतहट र महोत्तरीका विभिन्न ६ वटा गाउँ/नगरपालिकाले २०७८ र २०७९ मा गरेको स्थानीय जनगणनाअनुसार बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह २० देखि ४१ प्रतिशत सम्म रहेको छ, जसमा पुरूषको ६ देखि २८ प्रतिशत र महिलाको ३५ देखि ५९ प्रतिशत सम्म छ ।

यस सहयोगी पुस्तिकाले स्थानीय तहका सरकारी कर्मचारीहरूलाई मधेश प्रदेशको 'बालविवाह अन्त्यका लागि १० वर्षे प्रादेशिक रणनीतिक योजना-२०७८', कार्यान्वयन र तथ्यमा आधारित भई बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह मुक्त क्षेत्र घोषणका लागि कार्य गर्न सहयोग पुऱ्याउँछ । (कृपया, मधेश प्रदेश बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह मुक्त क्षेत्र घोषणा कार्यविधि पनि हेर्नुहोस) ।

**"सहयोगी पुस्तिकाले हाम्रो कामको हरेक क्षेत्रमा हामीलाई मद्दत गर्दछ । यसले हामीलाई अरूमा भर पर्नु नपर्ने गरी आत्मानिर्भर भई काम गर्न सक्षम बनाएको छ ।"**
— ***जुनैदा खातुन,*** *महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा, राजपुर नगरपालिका, रौतहट*

**"यो पुस्तिका बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहका क्रियाकलाप कार्यान्वयन गर्न हामीलाई सहयोग पुऱ्याउनका लागि डिजाइन गरिएको हो, तर यसले वास्तवमा हाम्रो गाउँपालिकामा सञ्चालन गरिने हरेक कार्यक्रममा हामीलाई मद्दत गर्दछ ।"**
— ***रचना झा,*** *महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा, पिपरा गाउँपालिका, महोत्तरी*

**"सहयोगी पुस्तिकामा हामीलाई आवश्यक पर्ने सबै फर्म/फरम्याटहरू समावेश छन् जसले हामीलाई क्रियाकलापहरू कार्यान्वयन गर्न सजिलो बनाएको छ ।"**
— ***यशोदा कार्की भण्डारी,*** *महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा, लोहारपट्टी नगरपालिका, महोत्तरी*

**"बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्यूनीकारणका क्रियाकलापहरू कसरी संचालन गर्ने, सहभागी कसलाई बोलाउने, पेश्कीको लागि कुन फारम भर्ने र फछ्र्यौट कसरी गर्ने बारे म आफैले बुझ्न र प्रभावकारी रूपमा क्रियाकलाप कार्यान्वयन गर्न यो सहयोगी पुस्तिकाले धेरै सहयोग गरेको छ ।"**
— ***दिपा दास,*** *महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा, मटिहानी नगरपालिका, महोत्तरी*

**"सहयोगी पुस्तिकामा भएका प्रावधानहरू र विवरणहरू यति स्पष्ट छन् कि प्रत्येक चरणमा मार्गदर्शन आवश्यक पर्ने वडाका सचिवहरू समेत यसको सहयोगले क्रियाकलापहरू स्वतन्त्र रूपमा कार्यान्वयन गर्न सक्षम भएका छन् ।"**
— ***अनिता साह,*** *महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा, जलेश्वर नगरपालिका, महोत्तरी*

**"तथ्यांकमा आधारित भइ वार्षिक योजनामा बालविवाह न्यूीनकरणका क्रियाकलाप समावेश गर्न पैरवीका लागि शाखाले गर्नुपर्ने पूर्व तयारी र क्रियाकलाप कार्यान्वयन पछि समुदायमा बालविवाहको अवस्था पत्ता लगाउन सहयोगी पुस्तिकाले सजिलो बनाएको छ ।"**
— ***मोनिका जयसवाल,*** *महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा, दुर्गाभगवती गाउँपालिका, रौतहट*

## सहयोगी पुस्तिका कसरी तयार भयो ?

सहयोगी पुस्तिका मधेश प्रदेशको दुई जिल्ला महोत्तरी र रौतहटका गरी ६ वटा गाउँ/नगरपालिका र ५१ वटै वडाहरूका सम्बन्धित कर्मचारीहरु र निर्वाचित पदाधिकारीहरूको प्रत्यक्ष संलग्नतामा विकास र परिक्षण भएको थियो । यस पुस्तिकाको तयारी प्रक्रियामा मुख्यगरी महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा, सामाजिक विकास समिति संयोजक, गाउँ/नगर कार्यपालिकाका (मेयर/अध्यक्ष, उपमेयर/उपाध्यक्ष, वडाध्यक्ष, महिला, दलित प्रतिनिधि), वडा सचिव, प्रमुख प्रशासकीय अधिकृत र अन्य सम्बन्धित कर्मचारीहरूको संलग्नता थियो । प्रदेशबाट सम्बन्धित मन्त्रालयसंगको सहकार्य र यस पुस्तिकाको समिक्षामा बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहको क्षेत्रमा मधेश प्रदेशमा कार्यरत साझेदार संस्थाहरूका प्रतिनिधिहरूको सहभागिता थियो ।

मधेश प्रदेश सरकार
खेलकुद तथा समाज कल्याण मन्त्रालय
जनकपुरधाम, धनुषा

## सहयोगी पुस्तिकामा के छ ?

बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्यूनीकरणका लागि सामाजिक व्यवहार परिवर्तनका क्रियाकलापहरूको सजिलै छनौट, प्रभावकारी कार्यान्वयन र अनुगमन सुनिश्चित गर्न महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा, बालकल्याण अधिकारी र वडा सचिवहरूले पुरा गर्नुपर्ने चरणहरूको विस्तृत विवरण र सयम सिमा यस सहयोगी पुस्तकमा समावेश गरिएको छ ।

नेपाल सरकारको वार्षिक योजना तर्जुमा प्रक्रियालाई आधार मानेर यो पुस्तिकालाई तीन खण्डमा विभाजन गरिएको छ ।

- **खण्ड १– स्थानीय तहमा वार्षिक योजना तर्जुमा सुरू हुनुभन्दा अगाडि (फागुन १५ देखि वैशाखसम्म),**
- **खण्ड २– योजना तर्जुमा प्रक्रिया चलिरहेको समयमा (वैशाख १५ देखि असारसम्म) र**
- **खण्ड ३– वार्षिक योजना स्वीकृत भइसकेपछि (साउन महिनाबाट) र आवश्यकताअनुसार सहयोगीको रूपमा वर्षभरि नै यसलाई प्रयोग गर्न सकिन्छ ।**

साथै, मधेश प्रदेशका ६ वटा गाउँ/नगरपालिकाद्वारा बालविवाह, उमेर नपुगी र जवरजस्ती गरिने विवाह अन्त्य गर्न लक्षित समूह केन्द्रित डिजाइन प्रक्रियाबाट रणनीतिक रूपमा विकास र परीक्षण गरिएका विभिन्न ११ क्रियाकलापहरूका विस्तृत कार्यान्वयन विवरण समावेश गरिएका छन् ।

## बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह अन्त्यको लागि सामाजिक व्यवहार परिवर्तन प्रक्रिया

मधेश प्रदेशमा अधिकांश विवाहको निर्णय परिवार वा अभिभावकद्वारा गरिन्छ । अभिभावकहरु छिमेकी र आफन्तहरु वा समुदायका विभिन्न समूहहरूबाट प्रभावित भएको पाइन्छ । बालविवाह, उमेर नपुगी र जवरजस्ती गरिने विवाह अन्त्य एक सहयोगी सामुदायिक वातावरणको सिर्जनामा निर्भर गर्दछ । वातावरण सिर्जना गर्ने जिम्मेवारी हाम्रो समुदायका प्रत्येक सदस्यको हो । त्यसैले, बालविवाह, उमेर नपुगी र जवरजस्ती गरिने विवाह अन्त्यका लागि सामाजिक व्यवहार परिवर्तनको बारेमा छलफल गर्दा केवल व्यक्तिलाई मात्र नभई परिवार, समाज, र सम्बन्धित नीति तथा नियमहरूलाई पनि विचार गर्नु आवश्यक छ । हाम्रो समुदायमा बालविवाह, उमेर नपुगी र जवरजस्ती गरिने विवाहलाई निरूत्साहित गर्ने र किशोरकिशोरीहरू २० वर्षको उमेर नपुगेसम्म विवाह नगर्ने वातावरण सिर्जना गर्नु महत्वपूर्ण छ ।



तथ्याङ्कले स्पष्ट रूपमा बालविवाह, उमेर नपुगी र जवरजस्ती गरिने विवाह परिवार, व्यापक सामाजिक गतिशीलता र प्रचलित सामाजिक र लैङ्गिक मान्यताहरूबाट प्रभावित रहेको देखाएको छ । मधेश प्रदेशका ६ वटा गाउँ/नगरपालिकाहरूमा मुख्य सरोकारवालाहरूद्वारा पहिचान गरिएका बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहको निरन्तरतामा योगदान पुऱ्याउने प्रमुख सामाजिक व्यवहारहरु निम्नानुसार छन् ।

१. छोरीलाई कुनै लाञ्छना लागेमा परिवारको इज्जत जाने मानेर अभिभावकले छोरीलाई २० वर्ष उमेर नपुग्दै विवाह गरिदिने गरेको ।
२. अभिभावकले छोरीहरूको पढाइलाई प्राथमिकता दिदैनन् जसका कारण छोरीहरु पढाइमा कमजोर हुने र चाख कम लिने गर्दछन् । त्यसैले अभिभावकले समय र पैसा खर्च गर्नुभन्दा छोरीहरूको उमेर नपुगी विवाह गरिदिने गरेको ।
३. स्थानीय नेतृत्वले बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह सबै जातजाति, धर्म, वर्ग, शिक्षित, अशिक्षित, बासस्थानमा (शहर र गाउँ) रहेको कुरा आत्मसात् नगरेको ।
४. बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहविरूद्ध काम गर्न चाहना भएका व्यक्तिहरु एकत्रित हुन नसकेको ।
५. प्रभावशाली नागरिक समाजका सदस्यहरू बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्यूनीकरणमा उदासीन भएको ।

यो **QR Code** स्क्यान गरी सहयोगी पुस्तिका हेर्न सकिन्छ ।

यो सामग्री अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) को Breakthrough ACTION परियोजना मार्फत अमेरिकी जनताहरूको सहयोगका कारण सम्भव भएको हो ।
यस सामग्री भित्रका विषयवस्तुले युएसएआइडी वा अमेरिकी सरकारको विचारको प्रतिविम्बित गर्छन् भन्ने जरुरी छैन ।

मधेश प्रदेश सरकार
खेलकुद तथा समाज कल्याण मन्त्रालय
जनकपुरधाम, धनुषा